# ह्याम्प्शायर एथ्निक माइनोरिटी एण्ड ट्राभलर अचिभमेन्ट सर्भिस

## (Hampshire Ethnic Minority & Traveller Achievement Service)




## सुरक्षा र भलाई

आमाबुवा, अविभावक र संरक्षकहरुका जिम्मेवारीहरु

**"सुरक्षा" को अर्थ के हुन्छ ?**

सुरक्षा भनेको बालबालिकालाई दुर्व्यवहार वा बेवास्ताबाट जोगाउने हो । यसको अर्थ बालबालिकासंग उनीहरुलाई स्वस्थ र कुशल रहन आवश्यक सबै कुरा छ र उनीहरुलाई स्वास्थ्य सेवामा पहुँच पाउन सहयोग छ भन्ने निश्चित गर्नु पनि हो ।

यस पुस्तिकामा आमाबुवा र हेरचाहकर्ताहरूले आफ्ना बच्चाहरूको सुरक्षा कसरी गर्ने भन्ने बारेमा जानकारी समावेश गरिएको छ।

## बालबालिकालाई घरमा एक्लै छाड्न




बालबालिकालाई घरमा एक्लै कहिलेदेखि छाड्न सकिन्छ भन्ने कुनै कानूनी उमेरसीमा छैन, यदि यसले बच्चालाई चोट वा असहजताको जोखिममा पार्छ भने आमाबुवालाई वेवास्ताको लागि कारवाही हुन सक्छ ।

यो सुझाव दिइन्छ कि:

- १२ वर्षभन्दा मुनिका बालबालिकालाई लामो समयका लागि घरमा एक्लै छाड्न हुँदैन किनभने उनीहरु आकस्मिक अवस्थासंग  जुध्नका लागि विरलै परिपक्क भैसकेका हन्छन् ।
- १६ वर्षमुनिका बालबालिकालाई रातभरी घरमा एक्लै छाड्न हुँदैन,
- जुनसुकै उमेरको भए पनि कुनै बच्चा यदि घरमा एक्लै बस्न सहज महसुस गरिरहेको छैन भने कहिल्यै पनि एक्लै छाड्नु हुँदैन,
- १६ वर्षमुनिका कुनै बच्चालाई उनीहरुभन्दा साना वा सहायता आवश्यकताहरु उच्च भएका कसैको एक्लै हेरचाह गर्नेगरि छाड्न हुँदैन ।

Hampshire Services
EMTAS

# बालबालिकालाई सुरक्षित रुपमा अनलाइन बस्न सहयोग




अनलाइन भएको बेला बालबालिका र किशोरहरुले नयाँ कुराहरु सिक्न, होमवर्कमा सहयोग लिन, आफूलाई सिर्जनात्मक रुपमा व्यक्त गर्न र खेलहरु खेल्न र साथीभाई तथा परिवारसंग जोडिन सक्छन् ।

जोखिमहरु छन्, तर खतराहरुबारे बुझ्नाले र कुरा गर्नाले तपाईंले आफ्नो बच्चालाई अनलाइनमा सुरक्षित राख्न सहयोग गर्न सक्नुहुन्छ । तपाईंले बालबालिकालाई सुरक्षित राख्ने सम्बन्धमा थप जानकारी मार्गदर्शन एम्टासको वेबसाइटमा प्राप्त गर्न सक्नुहुन्छ:
https://www.hants.gov.uk/educationandlearning/emtas/safeguarding.

तपाईंले आफ्ना बच्चाहरुसंग इन्टरनेट सुरक्षाको बारेमा कसरी कुरा गर्ने र बच्चालाई सुरक्षित रुपमा अनलाइनमा राख्न सहयोग गर्ने प्यारेन्टल कन्ट्रोल (अविभावकीय नियन्त्रण) कसरी सेट अप (निर्धारण) गर्ने भन्ने सम्बन्धमा विस्तृत जानकारी र मार्गदर्शन https://www.childnet.com/parents-and-carers मा पाउन सक्नुहुन्छ ।




## बालबालिकाले अनलाइन र सामाजिक सञ्जालहरु मार्फत के के गर्छन् ?

- साथीभाइसंग जोडिने र नयाँ साथी बनाउने, जानकारीहरुका लागि इन्टरनेट चलाउने, मानिसहरुसंग कुरा गर्ने र खेल्ने

- गुगलजस्ता सर्च इन्जिन (खोजी गर्ने माध्यम) बाट सामग्रीहरु खोजी गर्ने

- म्युजिकली, इन्स्टाग्राम र स्न्यापच्याटजस्ता एपहरुबाट तस्वीर वा भिडियोहरु बनाउने, शेयर ( साझेदारी गर्ने) गर्ने, प्रतिकृया जनाउने वा लाइक गर्ने

- फेसबुक, ट्विटर र इन्स्टाग्रामजस्ता सामाजिक सञ्जालका वेबसाइटहरुमा साथीभाइसंग अद्यावधिक हुने

- फेसबुक लाइभ, इन्स्टाग्राम लाइभ तथा युट्युव आदिका माध्यमबाट भिडियो लाइभ–स्ट्रिम गर्ने

- भ्वाइस (आवाज) र भिडियो च्याटआदिमार्फट मानिसहरुसंग संवाद गर्ने । यो सामाजिक सञ्जाल, व्हाट्सएप जस्ता एप र केही प्रकारका खेल (गेम) हरुमा हुन सक्छ

- वेबसाइट, एप र गेम कन्सोलहरुमा गेम खेल्ने

## जोखिमहरु के के छन् त?




- बालबालिकाहरु आफ्नै आचरणका कारण जोखिममा पर्न सक्छन्, जस्तै आफ्नो नाम, स्कुल, कुनै ठेगानासंग जोडिन सक्ने फोटोलगायतका अत्यधिक व्यक्तिगत जानकारी शेयर गरेर

- बालबालिकालाई फटाहाहरु वा उनीहरुलाई ग्रुमिङ गर्ने वा दुर्व्यवहार गर्न खोज्ने मानिसहरुले सम्पर्क गर्न सक्छन् । ग्रुमिङ भनेको कसैले कुनै बच्चासंग यौनजन्य दुर्व्यवहार, दुरुपयोग वा बेचविखन गर्नका लागि सम्बन्ध बढाउने अवस्था हो । बालबालिकालाई कुनै अपरिचित, कहिलेकाहीं बच्चाकै रुपमा आउने वयष्क वा चिनेजानेको जो कसैले अनलाइनमा ग्रुम गर्न सक्छन्

- यौनजन्य दुर्व्यवहार त्यसबेला हुन्छ जब कुनै बच्चा वा किशोरलाई जबरजस्ती वा फकाएर यौनजन्य गतिविधिमा लगाइन्छ । यौन दुर्व्यवहार वा दुरुपयोग अनलाइनबाट हुन सक्छ, जस्तै, कुनै बच्चालाई बाल दुर्व्यवहार जन्य तस्वीर वा भिडियो बनाउन, देखाउन वा शेयर गर्न लगाएर वा अनलाइन वार्तालापहरुमा यौनजन्य गतिविधिमा भाग लिन लगाएर

- साइबरबुलिइङ (अनलाइनमार्फत बदमाशी) । यो अनलाइनमा हुने कुनै पनि प्रकारको बदमाशी हो

- बालबालिकालाई एपहरु, गेम र वेबसाइटहरुका नदेखिने शुल्कहरु र विज्ञापनहरुबारे जानकारी नहुन सक्छ

- बालबालिकाका लागि उमेर अनुचित वा अविश्वसनीय सामग्रीहरु उपलब्ध हुनसक्छन् । उनीहरुले भाइरस वा ट्रोजन हर्सजस्ता मालवेअरहरु डाउनलोड गर्न सक्छन् जसले कम्प्युटर बिग्रिन सक्ने वा कम्प्युटरमा भएका सबै जानकारीहरु चोरिने हुन सक्छ

- पोर्नोग्राफी भनेको यौनजन्य प्रकृतिको अनुचित र/अथवा गैरकानूनी सामग्रीको पहुँच हो

➢ सेक्सटिङ भनेको आफ्नो वा अरुको यौनजन्य, नाङ्गो वा अर्ध–नाङ्गो तस्वीर वा भिडियोहरु शेयर गर्नु वा यौनजन्यय सन्देशहरु लेख्नु हो । कुनै बच्चा वा किशोर व्यक्तिलाई यस्तो प्रकारका तस्वीरहरु बनाउन वा पठाउन दवाब दिनु वा बाध्य पारिनु अनलाइन दुर्व्यवहार हो र यो तस्वीरमा भएका बच्चालाई हानी गर्ने र अर्को व्यक्तिले त्यस्ता तस्वीर अरुहरुसंग शेयर गर्नु गैरकानूनी पनि हो ।

➢ अनलाइन गेमहरुले अरु मानिसहरुसंग अनिच्छित सम्पर्कको अवसर प्रदान गर्छ जसले उनीहरुसंग बदमाशी वा दुर्व्यवहार गर्न सक्छन् ।

## सबै कुरा सही छैन भन्ने सम्भाव्य लक्षणहरु के के हुन् ?




तपाईंको बच्चा शायद

- टाढिन्छन् र उपकरणहरुमा सामान्यभन्दा बढी समय बिताउँछन्
- कोसंग कुरा गर्दैछन् भन्नेबारेमा र अनलाइन वा मोबाइल फोनमा के गर्दैछन् भन्ने बारेमा गोप्य राख्दछन
- फरक व्यवहार देखाउँछन्, जस्तै वेचैन हुने वा आवेशमा आउने
- अरु गतिविधिमा ध्यान दिँदैनन्
- आफ्ना विद्युतिय उपकरणहरुमा (इलेक्ट्रोनिक्स डिभाइस) धेरै नयाँ फोन नम्बर, टेक्स्ट वा इमेल ठेगानाहरु राख्छन्
- तपाईंले उनीहरुका साथी हो भन्ने थाहा नभएका मानिसहरुबाट उनीहरुले उपहार पाउँछन्
- बाहिर धेरै जाने तर कहाँ जाँदैछन र/अथवा कसलाई भेट्दैछन् भन्ने बारे गोप्य रहन्छन्
- अनलाईनमा पैसा खर्च गर्छन्
- चोर्छन्

# तपाईंले आफ्नो बच्चालाई सुरक्षित अनलाइन राख्न कसरी सहयोग गर्न सक्नुहुन्छ ?




- आफ्ना बच्चाहरुसंग  नियमित र दोष नलगाउने हिसाबले उनीहरु अनलाइनमा के गर्दैछन्, उनीहरु कस्ता गेम खेल्दैछन्, कुन एप प्रयोग गर्दैछन् भन्नेबारे कुरा गर्नुहोस् । यदि तपाईं र तपाईंका बच्चाहरुले उनीहरुको अनलाइन  गतिविधिको बारेमा कुरा गर्नुभयो भने उनीहरु आफूलाई भविष्यमा अनलाइनबाट केही होला कि भनेर कुनै विषयमा चिन्तित भएमा तपाईंसंग आएर कुरा गर्ने सम्भावना बढी हुन्छ ।

- आफ्ना बच्चाहरुलाई व्यक्तिगत जानकारी सुरक्षित राख्न र अन्जान व्यक्तिहरुसंग शेयर नगर्न प्रोत्साहित गर्नुहोस्, पप अप र स्प्याम इमेल लाई कसरी ब्लक (निषेध) गर्ने, सम्भाव्यता अनुसार उपकरण (डिभाइस) हरुमा इन–एप (एप मार्फत) खरिद गर्ने सुविधा बन्द गर्ने कुराहरु सिक्नु होस् र अनलाइन फारमहरु भर्न पारिवारिक इमेल ठेगाना प्रयोग गर्नुहोस् ।

- बालबालिकालाई उनीहरुको बेडरुममा इन्टरनेट पहुँच हुनुहुँदैन, आमाबुवाले उनीहरु के गर्दैछन् भनेर हेर्न सक्ने पारिवारिक स्थानहरुमा मात्र दिइनुपर्छ ।

- प्यारेन्टल कन्ट्रोल (अविभावकीय नियन्त्रण) निर्धारण गर्नुहोस् ।

- तपाईंको बच्चाले चलाउन चाहेका एपहरुको उमेर रेटिङ (निर्धारण) जााच गर्नुहोस् । युट्युबको रेटिङ १७+ हो जसको अर्थ युट्युबमा रहेका सामग्रीहरु १७ वर्षमुनिका बालबालिकाहरुका लागि असुहाउँदो हुन सक्छन् । फेसबुक, स्न्यापच्याट, इन्स्टाग्राम र व्हाट्सएपको १२+ हो ।

- अनुचित वार्तालाप, सन्देश (म्यासेज) हरु, तस्वीर तथा व्यवहारबारे एनएसपीसीसीलाई ०८०८८०० ५००० वा help@nspcc.org.uk मा जानकारी दिनुहोस्

- आफ्नो बच्चालाई कसैले उनीहरुसंग  बदमाशी गऱ्यो वा असहज महसुस गरायो वा उनीहरुको कुनै साथीलाई अनलाइनबाट बदमाशी गरिंदैछ  भने सोझै कुनै विश्वसनीय वयष्कलाई सुनाउन हौसला दिनुहोस्

- बच्चाहरुले अनलाइन सामग्रीको विश्वसनियतामा ध्यान पुऱ्याउनु पर्छ किनकि यो सहि नहुन सक्छ र/अथवा कुनै पूर्वाग्रहले लेखिएको हुन सक्छ भन्ने कुरामा सजग हुनु जरुरी छ ।

- आफ्ना बच्चासंग अनलाइन साथीहरुको बारेमा कुरा गर्नुहोस् र अनलाइनमा बनाएका नयाँ साथीहरु उनीहरुले ठानेकै व्यक्ति नहुन पनि सक्छन् भन्ने सिकाउनुहोस् । तपाईंको बच्चालाई अनलाइन साथीसंग आफ्नै निर्णयमा यथार्थमा कहिलेपनि भेट्न हुँदैन भन्ने कुरा थाहा भएको निश्चित गर्नुहोस् ।

- आफ्नो बच्चा कुनै अनुचित अनलाइन सम्पर्क वा अर्को व्यक्तिको निकटताबारे प्रहरीलाई उजुरी गर्नुहोस् । यदि उनीहरु अनलाइन बदमाशीको शिकार भएका छन् भने तपाईंले यस्तो उजुरी चाइल्ड एक्प्लोइटेशन एण्ड अनलाइन प्रोटेक्शन सेन्टरमार्फत गर्न सक्नुहुन्छ । (www.ceop.police.uk)

**यदि तपाईंलाई कुनै बच्चा तत्कालिक खतरामा छ भन्ने लाग्छ भने ढिला नगरी ९९९ मा प्रहरीमा खबर गर्नुहोस् ।**

